# भाग २

## श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### २०५९ सालको अध्यादेश नं. ९

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत वीरेन्द्रमाला महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम महागौरवमय सुप्रदीप्त वीरेन्द्रप्रजातन्त्रभास्कर परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणवाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### आर्थिक वर्ष २०५९।६० को सेवा र कार्यहरुको लागि सञ्चित कोषवाट केही रकम खर्च गर्न र विनियोजन गर्न व्यवस्था गर्न वनेको अध्यादेश

प्रस्तावनाः आर्थिक वर्ष २०५९।६० को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न तत्काल आवश्यक भएको र हाल संसदको अधिवेशन नभएकोले,

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेववाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ७२ अनुसार यो अध्यादेश जारी गरिवक्सेकोछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. संक्षिप्त नामः यस अध्यादेशको नाम "विनियोजन अध्यादेश, २०५९" रहेकोछ ।

२. आर्थिक वर्ष २०५९।६० को निमित्त सञ्चित कोषबाट खर्च गर्ने अधिकारः आर्थिक वर्ष २०५९।६० को निमित्त अनुसूची-१ बमोजिम सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेक अनुसूची -२ को महल ३ मा उल्लेख गरिएका निकाय, मन्त्रालय तथा सचिवालयले गर्ने सेवा र कार्यहरुका निमित्त सोही अनुसूचीको महल ४ को साधारण खर्चको र महल ५ को विकास खर्चको रकम महल ६ मा उल्लिखित जम्मा रु. ७८,६५,६९,५५,०००।- (अठहत्तर अर्व पैसठ्ठी करोड उनान्सत्तरी लाख पचपन्न हजार रुपैयां) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. विनियोजनः (१) यो अध्यादेशद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०५९।६० को निमित्त अनुसूची-२ को महल ३ मा उल्लेख गरिएका निकाय, मन्त्रालय तथा सचिवालयले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि अनुसूची-२ को महल ३ मा उल्लेख गरिएका निकाय, मन्त्रालय तथा सचिवालयले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा नपुग हुने देखिन आएमा श्री ५ को सरकारले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको दश प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । विकास खर्च तर्फ विनियोजित रकम साधारण खर्च तर्फ सार्न सकिने छैन ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि अनुदान संख्या ८६ देखि ९५ सम्म विनियोजन भएको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

रकम अनुदान संख्या ११ देखि ९५ सम्मको जुन जुन अनुदान संख्यामा निकासा र खर्च हुने हो सोही अनुदान संख्यामा जतिसुकै रकम सार्न तथा निकासा र खर्च जनाउन बाधा पर्ने छैन ।

४. बचाउः मिति २०५९ साल असार २४ गते जारी भएको विनियोजन अध्यादेश, २०५९ बमोजिम भए गरेको काम कारबाही यसै अध्यादेश बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची– १

(दफा २ सँग सम्बन्धित)

### नेपाल अधिराज्यको संविधान, २०४७ अनुसार सञ्चित कोष माथि व्ययभार हुने रकम

| १ | २ | ३ | ४ |
|---|---|---|---|
| क्रम संख्या | अनुदान संख्या | शीर्षकको नाम | सञ्चित कोषमाथि व्ययभार हुने रकम (रु. हजारमा) |
| १ | ११ | श्री ५ महाराजाधिराज, राजपरिवार तथा राजदरबार | ३८७९०० |
| २ | १२ | राजपरिषद् | ९१५४ |
| ३ | १३ | संसद | ४८९५ |
| ४ | १४-३-११० | सर्वोच्च अदालत | ४४९०० |
| ५ | १५ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | १४७९० |
| ६ | १६ | महालेखा परीक्षकको विभाग | ५६५२१ |
| ७ | १७ | लोक सेवा आयोग | ५२८३० |
| ८ | १८ | निर्वाचन आयोग | ५४६८८२ |
| ९ | ८१ | अर्थ मन्त्रालय-आन्तरिक ऋण भुक्तानी | ७७३४५०६ |
| १० | ८२ | अर्थ मन्त्रालय-वैदेशिक ऋण भुक्तानी (बहुपक्षीय) | ५९३६९७५ |
| ११ | ८३ | अर्थ मन्त्रालय-वैदेशिक ऋण भुक्तानी (द्विपक्षीय) | २६७५९८८ |
| १२ | ९५-३-५४० | अर्थ मन्त्रालय विविध-दण्ड जरिवाना फिर्ता | २५०० |
| | | जम्मा | १७४६७८४१ |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागु हुनेछ। ११५६

## अनुसूची- २
(दफा २ संग सम्बन्धित)
### सञ्चित कोषबाट खर्च हुने रकम

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| क्रम संख्या | अनुदान संख्या | शीर्षकको नाम | साधारण खर्चतर्फ विनियोजित रकम (रु.हजारमा) | विकास खर्चतर्फ विनियोजित रकम (रु.हजारमा) | जम्मा विनियोजित रकम (रु.हजारमा) |
| १ | १३ | संसद | १९५०६४ | ० | १९५०६४ |
| २ | १४ | अदालत | ४०३८३५ | ६३५७१ | ४६७४०६ |
| ३ | १५ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | ० | २६७५ | २६७५ |
| ४ | १६ | महालेखा परीक्षकको विभाग | ० | ·२२२७९ | २२२७९ |
| ५ | १७ | लोक सेवा आयोग | ० | ४६३५ | ४६३५ |
| ६ | १८ | निर्वाचन आयोग | १२००० | ० | १२००० |
| ७ | १९ | महान्यायाधिवक्ताको कार्यालय | ८४०१५ | ५७३८ | ८९७५३ |
| ८ | २० | न्याय परिषद् | ५७२० | ० | ५७२० |
| ९ | २५ | प्रधानमन्त्रीको कार्यालय | १४०२१ | ० | १४०२१ |
| १० | ३० | मन्त्रिपरिषद | ५०५७६ | ० | ५०५७६ |
| ११ | ३५ | अर्थ मन्त्रालय | ४८२९१५ | ६३४२०७ | १११७१२२ |
| १२ | ३८ | उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालय | २६०५८७ | १०३७३७३ | १२९७९६० |
| १३ | ३९ | कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय | २२४७२ | २८७१ | २५३४३ |
| १४ | ४० | कृषि तथा सहकारी मन्त्रालय | १६६७९४ | २२५६७३२ | २४२३५२६ |
| १५ | ४५ | गृह मन्त्रालय | ७४४१९७९ | ९३९२० | ७५३५८९९ |
| १६ | ४६ | जनसंख्या तथा वातावरण मन्त्रालय | ९२९० | ३३२४९ | ४२५३९ |
| १७ | ४७ | जलस्रोत मन्त्रालय | २७००८४ | ३०३८५९८ | ३३०८६८२ |
| १८ | ४८ | भौतिक योजना तथा निर्माण मन्त्रालय | ४५०५४४ | ७००४६९५ | ७४५५२३९ |
| १९ | ४९ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन | १०४००५ | ५३३७२३ | ६३७७२८ |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | |
|---|---|---|---|---|---|
| | | मन्त्रालय | | | |
| २० | ५० | परराष्ट्र मन्त्रालय | ९८१७०१ | ० | ९८१७०१ |
| २१ | ५५ | भूमिसुधार तथा व्यवस्था मन्त्रालय | ३८००२८ | २९९२७२ | ६७९३०० |
| २२ | ५६ | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | ६१३६० | १८८५८८ | २४९९४८ |
| २३ | ५८ | रक्षा मन्त्रालय | ७२८२४९६ | ० | ७२८२४९६ |
| २४ | ५९ | वन तथा भू-संरक्षण मन्त्रालय | १०१८२५४ | ६२५८२० | १६४४०७४ |
| २५ | ६१ | विज्ञान तथा प्रविधि मन्त्रालय | २६६९२ | ४५५२८७ | ४८१९७९ |
| २६ | ६५ | शिक्षा तथा खेलकूद मन्त्रालय | ११०५५६११ | ३३४६८१० | १४४०२४२१ |
| २७ | ६६ | सामान्य प्रशासन मन्त्रालय | ४३६३४ | १२००६ | ५५६४० |
| २८ | ६७ | सूचना तथा संचार मन्त्रालय | ९१७९१२ | १३७१७४ | १०५५०८६ |
| २९ | ६९ | स्थानीय विकास मन्त्रालय | ६४१३५४ | ५०७२५४७ | ५७१३९०१ |
| ३० | ७० | स्वास्थ्य मन्त्रालय | २१७०५१८ | २७०१८९८ | ४८७२४१६ |
| ३१ | ७१ | श्रम तथा यातायात व्यवस्था मन्त्रालय | ४७९२९ | ६६२८९ | ११४२१८ |
| ३२ | ७२ | राष्ट्रिय योजना आयोगको सचिवालय | ८५६३० | २४५१०० | ३३०७३० |
| ३३ | ८६ | अर्थ मन्त्रालय-लगानी वैदेशिक संस्थाहरु | ३७५०० | ० | ३७५०० |
| ३४ | ८७ | अर्थ मन्त्रालय-लगानी सार्वजनिक संस्थान | ० | ८१०८४६५ | ८१०८४६५ |
| ३५ | ९५ | अर्थ मन्त्रालय-विविध | ५२५२७६० | २६८६१५३ | ७९३८९१३ |
| | | जम्मा | ३९९७७२८० | ३८६७९६७५ | ७८६५६९५५ |

लालमोहर सदर मितिः २०५९।९।२२।२

आज्ञाले,

उदय नेपाली श्रेष्ठ

श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागु हुनेछ।